




- एचआईडीसीएलले रेमिट्यान्स हाइड्रो ल्याउदै................१
- २ आयोजनामा लगानीको प्रतिवद्धता...२



○ २०७१ आश्वन | ○ वष २/अङ्क ८


# एच.आइ.डि.सि.एल. न्यूजलेटर


HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको

द्वैमासिक ईपेपर

*जलविद्युतको विकासबाट समृद्व नेपालको निर्माणमा अघि बढ्दै*


## एचआईडीसीएलले रेमिट्यान्स हाइड्रो ल्याउँदै





*माननीय ऊर्जा मन्त्री श्री राधा ज्ञवाली, ऊर्जा सचिव श्री राजेन्द्र किशोर क्षेत्री, नेपाल राष्ट्र बैंकका गभर्नर श्री युवराज खतिवडा लगायत अन्य रहभागी*

रेमिट्यान्सबाट प्राप्त रकमलाई जलविद्युत्मा लगानी गर्न जलविद्युत् तथा लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) ले भदौ २७ गते राजधानीमा अन्तरक्रिया कार्यक्रमको आयोजना गयो । अन्तरक्रियामा प्रमुख अतिथी ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली, सभासद गोकर्ण विष्ट, राष्ट्रिय योजन आयोगका उपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल, आयोगका सदस्या प्र.डा. गोविन्द नेपाल, ऊर्जा मन्त्रालयका सचिव राजेन्द्रकिशोर क्षेत्री, नेपाल राष्ट्र बैंकका गर्भनर डा. युवराज खतिवडा, नेपाल विद्युत् प्राधिकरण, कर्मचारी संचय कोष, नागरिक लगानी कोष र राष्ट्रिय वीमा संस्थानका उच्च अधिकारी, सञ्चारकर्मी तथा प्रवद्ध व्यक्तिको सहभागिता थियो ।

सो अवसरमा एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले रेमिट्यान्स हाइड्रोको अवधारणा प्रस्तुत गर्नुभएको थियो । जलविद्युत आयोजनामा लगानी जुटाउन बलियो वित्तीय स्रोतको रुपमा रेमिट्यान्सलाई लिन्पर्नेमा उहाँको जोड थियो ।

ठुलो संख्यामा मलेसिया तथा खाडी मुलुकहरुमा रहेका नेपाली युवाबाट प्राप्त रकम रेमिट्यान्सको रुपमा नेपालमा भित्रिने भन्दै उहाँले यो रकम राष्ट्र निर्माणमा लगाउन जोड दिनुभयो । यो अवधारणा एचआईडीसीएलको नेतृत्व अर्न्तगतका आयोजनामा लगानी जानकारी दिदै सहभागीलाई स्वागत गर्नुभएको थियो । सो अवसरमा यो अवधारणा अनुसार रेमिट्यान्सबाट प्राप्त रकम आयाजना निर्माणमा लगाउने विषयमा सहभागीसंग छलफल गरिएको थियो ।

यो अवधारणा साच्चै लागु गर्न र सरकारी लगानी गर्ने संस्थाको रुपमा विकास गर्नुअघि एचआईडीसीएलको प्राविधिक क्षमता मजवुत बनाउ पर्नेमा सहभागी वक्ताले औंल्याउनुभएको थियो । विदेशमा गएर काम गर्नेको रकम पुर्वाधारमा लगानी गर्न अझै चुनौती रहेको भन्दै वचत गर्न अझै चुनौती रहको विषयमा छलफल भएको थियो ।

## एचआईडीसीएलको पुर्नकर्जा योजना

गत अगस्ट २२ मा जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) ले जलविद्युत आयोजनालाई कर्जा र पुर्नकर्जा सुविधा घोषणा गरेको छ । एचआईडीसीएलले पत्रकार सम्मेलन आयोजना गरी यस्तो जानकारी गराएको हो । वाणिज्य बैंकहरुलाई १० देखि १५ मेगावाटसम्मका जलविद्युत् आयोजनामा लगानी गर्नका लागि पुर्नकर्जा नीति लिएको हो । वैकहरुलाई जलविद्युत्मा लगानी गराउने यसको मुल उद्धेश्य हो । एचआईडीसीएलले तोकिएको कार्यविधि भित्र पर्ने बैंक तथा वित्तीय संस्थाले यस्तो सुविधा पाउनेछन् । यसको अवधिम न्युनतम् ३ देखि बढीमा ५ वर्षसम्म रहेको छ । यस सुविधामा रहेर एचआईडीसीएलबाट बैंकले एउटा आयोजनालाई ४० करोड रुपैयाँ र १ अर्ब रुपैयाँ समूहमा रहेका आयोजना आयोजनामा लगानी गर्ने छ । सन् २०१४ को मार्च अगावै बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवालासंग वृहत छलफलपछि यो नीति ल्याइएको हो ।

### पुर्नकर्जाका विशेष व्यवस्था

- आर्कषक आयोजनाहरुमा लगानी गर्न चाहाने बैंकलाई लगानीको स्रोत प्रदान
- लक्षित आयोजनाको आकार:१० देखि १५ मेगावाट
- सहुलियतको अवधिः ३ देखि ५ वर्ष
- योग्यताः वाणिज्य बैंक
- सहुलियत रकम बढीमाः एउटा आयोजनालाई ४० करोड र समूह आयोजनामा १ अर्ब रुपैयाँ

.

## एचआईडीसीएलले २ अर्बको साधारण सेयर निश्कासन गर्ने

२ करोड कित्ता सेयर सर्वसाधारण (आईपीओ) निश्कासन गर्ने भएको छ । यसका लागि विक्रि प्रवन्धको नियुत्त गर्न एचआईडीसीएलले विभिन्न मर्चेन्ट बैंकरबाट आशयपत्र (ईओआई) मागेको छ । एचआईडीसीएलले आशयपत्र पेश गर्ने मिति अक्टुवर १२ २०१४ सम्मलाई तोकेको छ । सेयर निश्कासनका लागि एचआईडीसीएलले आईपीओ निश्कासन र विक्रि प्रवन्धक नियुत्तिका लागि नियामक निकाय धितोपत्र बोर्ड (सेबन) संग छलफल गरेको छ । आईपीओ निश्कासनपछि एचआईडीसीएलको चुत्ता पुंजी १० अर्ब रुपैयाँ पुग्ने छ । हाल चुत्ता पुंजी ८ अर्ब रुपैयाँ छ । यही मध्ये केही रकम जलविद्युत् आयोजनामा लगानीको प्रतिवद्धता जनाइसकेको छ ।

### २ आयोजनामा लगानीको प्रतिवद्धता

एचाईडीसीएलले पुर्वी नेपालमा निर्माणधिन २५ मेगावाट क्षमताको कावेली बी १, र ८२ मेगावाटको तल्लो सोलु जलविद्यूत् आयोजनामा लगानी प्रतिवद्धता जनाएको छ । दुबै आयोजना स्वदेशी खपतका लागि निर्माण हुन लागेका हुन् । कावेली बी ताप्लेजुङ र पाँचथर जिल्लामा पर्छ । सोलु आयोजना सोलुखुम्बु जिल्लामा छ । दुबै आयोजनामा एचआईडीसीएलले सहवित्तीयकरण अन्तर्गत लगानी गर्नेछ । एचआईडीसीएल सञ्चालक समितिले २० करोड रुपैयाँ कावेली बी मा लगानी गर्न स्वीकृति दिएको छ । यो आयोजना अरुण कावेली इनर्जी लिमिटेडले बनाउदै छ ।
यस्तै ६० करोड रुपैयाँ तल्लो सोलुमा लगानी हुने छ । तल्लो सोलु एस्सल क्लिन सोलु हाइडोपावर लिमिटेडले बनाउदै छ । कावेली बीमा नेपाल इन्भेष्टमेन्ट बैंकको अगुवाईमा लगानी हुदै छ । एचआईडीसीएलले लगानी प्रतिवद्धता जनाएका आयोजनाको संख्या ६ पुगेको छ । आयोजनाको जडित क्षमता २३१ मेगावाट छ । यी आयोजनामा एचआईडीसीएलले २ अर्ब ९९ करोड रुपैयाँ ऋण लगानीको प्रतिवद्धता जनाएको छ ।

**तल्लो सोलु र कावेली बी १ आयोजनाको चिनारी**

| | तल्लो सोलु | कावेली बी १ |
|---|---|---|
| आयोजनाको क्षमता | ८२ मेगावाट | २५ मेगावाट |
| विकासकर्ता | एस्सेल क्लिन सोलु प्रा. लि। | अरुण कावेली पावर लि. |
| वार्षिक ऊर्जा उत्पादन | ४४४.६७४ गिगावाट आवर | १४१.७५ गिगावाट |
| लगत रु. | १८ अर्ब ३२ करोड | ४ अर्ब |
| आईआरआर | ८ प्रतिशत | १६.५२ प्रतिशत |
| निर्माण सम्पन्न हुने मिति | जनवरी २०१८ | मे २०१६ |